# त्रिभुवन विश्वविद्यालयलाई देशको एक केन्द्रीय (राष्ट्रिय) विश्वविद्यालयको रूपमा विकास

# तथा

# त्रि.वि का आंगिक र केही सम्वन्धन प्राप्त क्यम्पसहरूलाई समावेस गरी स्थापना भएका नयाँ विश्वविद्यालयहरूको बीच उत्पन्न समस्याहरूको समाधान सम्वन्धी अधिकार सम्पन्न उच्चस्तरीय समितिका सदस्यहरूको राय सुझावहरू

## (अनौपचारिक)


<u>प्रेषकहरू</u>

प्रा.डा. राम मान श्रेष्ठ त्रि.वि. सभासद

प्रा.योगेन्द्रनारायण बडबडिया, केन्द्रीय सभापति त्रि.वि. प्राध्यापक संघ, सभासद

श्री कुबेर के.सी. केन्द्रीय अध्यक्ष, त्रि.वि. कर्मचारी संघ, सभासद


३१ असार, २०७०

## १. पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालय देशको सबैभन्दा जेठो विश्वविद्यालय हो । यसको कार्यक्षेत्र सिंगो नेपाल देश हो । यस अन्तर्गत ६० आंगिक तथा ९०० भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पसहरू छन् । उक्त क्याम्पसहरूमा लाखौं विद्यार्थीरू अध्ययन अनुसन्धान गर्दछन् । कुनै पनि स्तरयुक्त विश्वविद्यालयमा अध्ययन, अध्यापन तथा अनुसन्धान गरिने र गराइने बिषयहरूमध्ये अधिकांस बिषयहरू यस विश्वविद्यालयमा समाबिष्ट गरिएका छन् । यहाँ करिब १५००० शिक्षक कर्मचारीहरू कार्यरत छन् । देशका अन्य विश्वविद्यालयको दाँजोमा यसको भौतिक स्रोत तथा साधन पनि राम्रै छ । यसले राष्ट्रीय तथा अन्तरराष्ट्रीय मान्यता प्राप्त गरेको छ । प्राज्ञिक गुणस्तर तथा अनुसन्धानात्मक मानवीय तथा अन्य स्रोतसाधनको हिसाबले पनि त्रि.वि. अन्तर्गतका चिकित्सा अध्ययन संस्थान तथा इन्जिनियरींग अध्ययन संस्थान अध्ययन, अध्यापन, उत्पादन, क्षमाताको साथसाथै अनुसन्धानको हिसाबले एसियाका उच्चकोटीका विश्वविद्यालयको दाँजोका छन् । नेपाल सरकारले यसको अधिकांस आर्थिक व्ययभार बहन गर्दै आएको छ । यी सबै पक्षलाई ध्यानमा राख्दा त्रि.वि.ले पहिले देखि नै अघोषित रूपमा केन्द्रीय विश्वविद्यालयको हैसियत प्राप्त गरिरहेकै छ भन्न मिल्दछ । हालै यसलाई नेपाल सरकारले केन्द्रीय विश्वविद्यालयको सैद्धान्तिक मान्यता पनि प्रदान गरिसकेको छ । केन्द्रीय विश्वविद्यालयको विधिवत कानूनी मान्यताको लागि पहल सुरु पनि भइसकेको छ । केन्द्रीय विश्वविद्यालयको स्वरूप धारण गर्न त्रि.वि. अनुसन्धानमुखी तथा उत्कृष्टताको केन्द्रको रूपमा बिकास हुनु पर्ने हुन्छ । त्यसको लागि आवश्यक अध्ययन भइ सकेको छ । प्रारम्भिक प्रतिवेदन समेत प्रस्तुत भई कार्यन्वयनको लागि प्रक्रिया अगाडि बढि सकेको सुनिन्छ । यसै क्रममा देशका आम जनताको पहुँच भित्र उच्च शिक्षा रहने गरी त्रि.वि.ले गरीआएको सेवा सुविधामा केही अदल बदल हुने/र गरिनु पर्ने देखिन्छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत हाल सञ्चालनमा रहिरहेका केही कार्यक्रम स्थगन, नी राय, केहीमा सामान्य सुधार, केहीको रूपान्तरण, केही स्थानान्तरण र केहीमा आमूल परिर्वतन गर्नै पर्ने पनि हुन सक्छ । यसै बेला देशको जेठो तथा सबै भन्दा ठूलो विश्वविद्यालयको हैसियत राख्ने त्रि.वि.ले केही वर्ष यता स्थापित नयाँ विश्वविद्यालयहरू तथा भविष्यमा स्थापना हुन सक्ने विश्वविद्यालयसंगको आपसी सम्बन्ध सहज तथा सुमधुर बनाउने र बनाइ राख्ने दिशा तर्फ यथा सम्भव उच्चतम लचकता अपनाउनु पर्ने हुन्छ र अपनाउने पनि छ भन्ने कुरामा सबै बिश्वस्त हुनु जरुरी छ । यस्तो स्थितिको बिकास होस र हुँदै जाओस भन्ने हेतुले त्रि.वि.ले आफ्ना क्याम्पसहरू मध्ये केही स्थगन, केहीमा सामान्य सुधार, केहीको रूपान्तरण, कुनै कुनै स्थानान्तरण र केहीमा आमूल परिर्वतन गर्न सकिएला की र सकीने भए के कस्तो नीति, योजना तथा कार्यक्रम तर्जुमा गरेर अगाडि बढ्नु पर्ला भन्ने बारेमा गम्भीर आन्तरीक छलफल, स्थलगत भ्रमण, सरोकारवालासंगको भेटघाट आदी गर्दै आएको सर्व बिदितै कुरा हो । उपरोक्त क्रममा त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालयको रूपमा स्थापित गर्न त्रि.वि. कीर्तिपुर क्याम्पस जस्तो निकायलाई अनुसन्धानमुखी तथा उत्कृष्टताको केन्द्र बनाइने बिषयले बिशेष प्रवेश पाएको थियो भने कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, मध्य-पश्चिमाञ्चल विश्वविद्यालय ऐन तथा सुदुर-पश्चिमाञ्चल विश्वविद्यालय ऐन अन्तर्गत स्थापना भएका तीन वटा विश्वविद्यालयहरू त्रिविका क्याम्पसहरू तथा अन्य क्याम्पसहरूलाई समावेश गरी उक्त क्याम्पसहरूको परिसरमा केन्द्रीय कार्यालय रहने गरी सञ्चालन गर्ने कुराले त्रि.वि. तथा अन्य विश्वविद्यालयहरूबीचको सम्बन्ध चिसिन पुग्यो । एकातर्फ नयाँ विश्वविद्यालयका पदाधिकारीहरू त्रि.वि.लाई उक्त परिसरहरू खाली गर्न गराउन जोडतोडले लाग्यो भने अर्को तर्फ त्रि.वि.का माथि तोकिएका क्याम्पसहरूमा सञ्चालिन कार्यक्रमहरू तुरून्तै स्थगन वा स्थानान्तरण हुनै र गर्नै नसकिने अवस्थामा यथावत रही रह्यो । त्रि.वि. तथा अन्य विश्वविद्यालयहरूबीचको बिबाद सुल्झाउन नेपाल सरकारले पनि खासै निर्णायक भूमिका खेल्न सकेन । अन्तरद्वण्डकै माझमा यो बिषयले त्रि.वि.सभामा प्रवेश पायो ।

## २. त्रिभुवन विश्वविद्यालय सभामा बिषय प्रवेश र समस्या समाधान समिति

त्रिभुवन विश्वविद्यालय सभाका कुलपति एवं सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूको अध्यक्षतामा २०६९ असोज २९ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको साधारण वैठकमा सम्माननीय प्रधानमन्त्री एवं कुलपतिज्यूबाट आफ्नो सम्वोधनमा व्यक्त

त्रि.वि.लाई देशको एक राष्ट्रिय विश्वविद्यालयको रुपमा विकास गर्न, विभिन्न विधामा उत्कृष्ठ केन्द्रहरु निर्माण गरी राष्ट्रिय विकासमा टेवा पुर्‍याउने लक्ष्यनिर्दिष्ठ कार्यमूलक ढाँचाको कार्ययोजनामा नेपाल सरकार विशेष सहयोग गर्न प्रतिबद्ध छ भन्ने विश्वास पनि यहाँ व्यक्त गर्न चाहन्छु । त्रि.वि.ले ५० वर्ष लामो अवधिको सेवा गरिसकेको सन्दर्भमा अब यसले आफूलाई पूर्णत अनुसन्धान विश्वविद्यालयमा विकास गर्नु आवश्यक छ । यो विषयमा सरोकारवाला सबैमा अनुभूति हुनु अनिवार्य छ । अहिलेका राज्य पुनर्संरचनाको प्रसंगमा त्रि.वि.को आफ्नो राष्ट्रिय विश्वविद्यालयको योगदान र हैसियतलाई अझ बढी [illegible] परिभाषित गर्नु जरुरी छ । साथै समग्र शिक्षा क्षेत्रको पुनर्संरचनाको बारेमा विशेष योगदान यो विश्वविद्यालयबाट हुने राज्यले अपेक्षा गरिनु स्वाभाविक छ । यसमा पनि त्रि.वि.का प्राज्ञहरुको ध्यान आकृष्ट गर्न चाहन्छु । यो सन्दर्भमा नेपालको विधायिका संसदबाट ऐन बनी त्रिविका आंगिक र धेरै सम्बन्धन प्राप्त क्याम्पसहरुलाई समावेश गरी नयाँ विश्वविद्यालयहरुको स्थापना भएको सबैहरुमाझ ज्ञात भएकै विषय हो । यस सन्दर्भमा त्रिवि र यी नयाँ विश्वविद्यालयहरुबिचमा समन्वयको आवश्यकता महशुस गरी हाम्रो सरकारले नयाँ विश्वविद्यालयका ऐनमा व्यवस्था भए बमोजिमका त्रिविका क्याम्पसहरुका प्राध्यापकहरु र कर्मचारीहरुलाई हालको लागि नयाँ विश्वविद्यालयमा काजको रुपमा पठाउने व्यवस्था गर्न र सम्पत्ति हस्तान्तरण लगायतका यससँग सम्बन्धित अन्य मुद्दाहरुलाई त्रिविको विश्वविद्यालय सभामा प्रस्तुत गरी उपयुक्त निष्कर्ष निकाल्न निर्देशन गरिएको र यस प्राज्ञ सभामा यसले प्रवेश पाउने भएकोले यस उपर सकारात्मक [illegible] पनि आग्रह गर्दछु । त्रिवि देशको [illegible] जननी र अन्य विश्वविद्यालयहरुको पनि जननीको भूमिका निर्वाह गर्दै आएको हामी सबैलाई थाहा भएको यथार्थता हो । देश संघियतामा जाँदै गरेको अवस्थामा विभिन्न संघिय विश्वविद्यालयहरुको स्थापना हुँदा विश्वविद्यालयहरुको संख्या अझै थपिदै जाने निश्चित छ । विश्वविद्यालयहरु [illegible] रुपमा स्थापना हुँदा उच्चशिक्षाको पहुँच स्थानिय तहमा पुग्ने भएबाट [illegible] विश्वविद्यालयहरुको स्थापना र विकासमा त्रिविको सहयोग अपरिहार्य छ । क्षेत्रियस्तरका विश्वविद्यालयहरुको प्राथमिकता शिक्षण हुँदै क्रमश अनुसन्धानतिर अग्रगति लिनुपर्छ भने त्रिविको प्राथमिकता अनुसन्धान हुनुपर्छ र यसले राष्ट्रिय विश्वविद्यालयको स्थान ग्रहण गरि विशेष क्षमता प्राप्त प्राज्ञ वैज्ञानिक व्यवस्थापक इञ्जिनियरहरुको उत्पादनमा जोड दिदै अनुसन्धानबाटै देशको आर्थिक सामाजिक विकासमा योगदान गर्ने क्षमता राख्नुपर्छ । यसको लागि जनशक्ति विकासको विशेष कार्ययोजना पनि विकसित हुनु अनिवार्य छ । [illegible] आँकडा हेर्दा [illegible] नै उच्च र दक्ष जनशक्तिको अभाव विश्वविद्यालयमा हुने भन्ने देखिन आएकोले यस तर्फ त्रिवि सचेत बन्नु अनिवार्य छ । विश्वका अन्य मुलुकका विश्वविद्यालयहरुसँगको सम्बन्धलाई प्राथमिकतामा राखि आफ्ना प्राध्यापकहरुलाई अन्तर्राष्ट्रिय अनुभवहरु प्रदान गराउन र अनुसन्धानमा सहकार्य गर्ने किसिमको नीतिगत र कार्यक्रमगत व्यवस्था जनशक्ति विकासको सन्दर्भमा त्रिविले लिनपर्ने नीति हो भन्ने मलाई लाग्दछ ।

उपरोक्त मन्तव्य तथा त्रि.वि. र अन्य विश्वविद्यालयहरूबीच चुलिंदै गएको असमझदारी तथा असहज परिस्थितिको उपयुक्त समाधानार्थ त्रि.वि.ले बिस्तृत अध्ययन गर्ने क्रममा समस्याहरूको पहिचान, चुनौतिहरूको लेखाजोखा तथा समाधानका उपायहरूको छनौट गरी सभा समक्ष प्रस्तुत प्रतिवेदन [illegible] त्रि.वि. सभामा बिस्तृत तथा गहन छलफल भयो । पर्याप्त छलफल पछि त्रि.वि.का कुलपति एवम् सम्माननीय प्रधानमन्त्रि डा. बाबुराम भट्टराइज्यूको निर्देशन तथा त्रि.वि.को अध्ययन प्रतिवेदनमा टेकेर त्रि.वि.सभाले त्रि.वि. तथा उपरोक्त तीन वटा विश्वविद्यालयहरू बीच उत्पन्न असहज परिस्थितिको उपयुक्त समाधानार्थ निम्नानुसारको निर्णय गर्‍यो:

*"त्रिभुवन विश्वविद्यालयलाई देशको एक राष्ट्रीय विश्वविद्यालयको रूपमा विकास गर्न तथा नेपालको विधायिका संसदबाट ऐन बनि त्रि.वि का आंगिक र केही सम्बन्धन प्राप्त क्याम्पसहरूलाई समावेस गरी स्थापना भएका नयाँ विश्वविद्यालयहरूको बिच उत्पन्न मनमतैतावलाई न्यूनिकरण गर्दै गत केही समय यता देखा परेका समस्याहरु समाधान गर्न सहज तुल्याउन कानुनी तथा व्यवहारिक रूपले कार्य सम्पादन गर्ने उपाय सहितको कार्ययोजना तयार पार्न सक्ने अधिकारसहितको त्रि.वि.सभाका सरोकारवाला सदस्यहरूमध्येबाट संस्थागत प्रतिनिधित्व हुने गरी निम्नानुसारको*

| | |
|---|---|
| *त्रि.वि.सभासद पूर्व उपकुलपति श्री केदार भक्त माथेमा* | *संयोजक* |
| *त्रि.वि.सभासद पूर्व शिक्षाध्यक्ष प्रा. डा. राम मान श्रेष्ठ* | *सदस्य* |
| *नेपाल सरकार, शिक्षा सचिव सुरेसमान श्रेष्ठ* | *सदस्य* |
| *त्रि.वि प्राध्यापक संघका सभापति श्री योगेन्द्र नारायण बडबरिया* | *सदस्य* |
| *त्रि.वि कर्मचारी संघका सभापति श्री कुबेर के.सी.* | *सदस्य* |

*रहेको एक ५ सदस्यिय अधिकार सम्पन्न उच्चस्तरीय समिति गठन गर्ने"*

## ३. समस्या समाधान समितिको प्रयास

समितिको बैठक सम्बन्धमा पटक पटक अनौपचारिक छलफल भएको भएता पनि समितिको पहिलो विधिवत बैठक मिति शुक्रबार २०६९का दिन अपरान्ह २ बजे मात्र स्थानिय इन्द्रेणी होटेल, नयाँ बानेश्वरमा बस्न सम्भव भयो। उक्त बैठकमा समितिका संयोजक श्री केदार भक्त माथेमा, श्री राम मान श्रेष्ठ, श्री योगेन्द्र नारायण बडबरिया, श्री कुबेर के.सी.को उपस्थिति थियो।

स्थानिय इन्द्रेणी होटेलमा बसेको समितिको बैठकको प्रारम्भ गर्दै समितिका संयोजक श्री केदार भक्त माथेमाज्यूले पदाधिकारीहरूसंग आफुले गरेको अनौपचारिक कुराकानि र इमेल र अनौपचारिक बैठक बारे जानकारी दिनुको साथै उल्लेखित

**त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको स्वरूपमा विकासनार्थ**
**र**
**त्रि.वि. तथा नयाँ विश्वविद्यालयहरूको बीच उत्पन्न समस्या समाधनार्थ**
**अधिकार सम्पन्न उच्चस्तरीय समिति**

शिर्षकमा समाबिष्ट

**त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको स्वरूपमा विकासनार्थ**

विषय समितिको कार्यक्षेत्रमा नपर्ने समझदारीमा आफु समितिमा बसेको तर त्यसो नभएको कारण समितिले उक्त कार्य क्षेत्रमा प्रवेश गर्न नहुने कुराको जिकीर गर्नु भयो। त्यसै गरी दोश्रो वाक्यांश

**त्रि.वि. तथा नयाँ विश्वविद्यालयहरूको बीच उत्पन्न समस्या समाधनार्थ**
**अधिकार सम्पन्न उच्चस्तरीय समिति**

अन्तर्गत नेपाल ऐन अनुसार स्थापित नयाँ विश्वविद्यालयहरूलाई उल्लेख भए बमोजिम चल अचल सम्पत्ति, मानविय तथा अन्य स्रोत साधन तुरन्तै हस्तान्तरण गर्नु पर्दछ भन्ने आफ्नो लिखित योजना प्रस्तुत गर्न थाल्नु भयो।

संयोजक श्री केदारभक्त माथेमाज्यूबाट प्रस्तुत प्रस्ताव निम्न अनुसारको रहेको छ।

मिति २०६९।६।२९ मा बसेको त्रि.वि.वि. सभाको निर्णय बमोजिम उच्च स्तरिय अधिकार सम्पन्न समितिलाई प्रदान गरिएको कार्यसूचि (Terms of Reference) देहाए बमोजिम रहेको व्यहोरा त्यहाँको पत्र प्राप्त भई अवगत भएको जानकारी गराउन चाहन्छु।

1. त्रिभुवन विश्वविद्यालय ऐन नियम र नवगठित विश्वविद्यालयहरु (कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय र मध्य पश्चिमाञ्चल विश्वविद्यालय) सम्बन्धि ऐनहरु बमोजिम त्रि.वि.बाट नवगठित विश्वविद्यालयहरुमा समावेश गरिएका क्याम्पसहरुको हस्तान्तरण प्रक्रिया निर्धारण गर्ने।

२. नवगठित विश्वविद्यालयहरु (कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय र मध्य पश्चिमाञ्चल विश्वविद्यालय) मा समावेश भएका त्रि.वि.वि. का आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरुको चल अचल सम्पत्ति र श्रोत साधनहरु नवगठित विश्वविद्यालयलाई कुन प्रकिया अपनाई हस्तान्तरण गर्ने हो सो प्रक्रिया निर्धारण गर्ने।

३. नवगठित विश्वविद्यालयहरु (कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय र मध्य पश्चिमाञ्चल विश्वविद्यालय) मा समावेश भएका त्रि.वि.वि. का आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरुका शिक्षक कर्मचारीको समायोजन कसरी गर्ने हो काज पठाउदा कसरी पठाउन सकिन्छ सोको लागी सुझाव प्रस्ताव गर्ने।

४. नवगठित विश्वविद्यालयहरु (कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय र मध्य पश्चिमाञ्चल विश्वविद्यालय) मा समावेश भएका त्रि.वि.वि. का आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरुमा हाल सञ्चालित त्रि.वि.का शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन कसरी गर्ने हो सोको लागि सुझाव प्रस्ताव गर्ने।

५. माथी उल्लेखित १ देखि ४ सम्मको कार्य सम्पन्न गर्न आवश्यक चरणबद्ध कार्यतालिका र समय र सीमा तालिका सहित त्रि.वि.र नवगठित विश्वविद्यालयहरु (कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय र मध्य पश्चिमाञ्चल विश्वविद्यालय) बिचमा समझदारी पत्रमा हस्ताक्षर गराउनु पर्ने भएको हुँदा सो चरणबद्ध कार्यतालिका र समय तालिका निर्माण गरी समझदारी पत्रमा हस्ताक्षर गराउन सहयोग गर्ने।

६. त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको रुपमा विकासार्थ सम्बन्धि कार्यसूचि यस समितिको कार्यसूचि भित्र नपर्ने व्यहोरा समेत जानकारी गराउन चाहन्छु।

७. प्रदान कार्यसूचि स्वीकृत भएको जानकारी तत्काल समितिलाई गराई दिन भएमा समितिको कार्य सञ्चालनका लागी आवश्यक कार्यालय कक्ष सुविधा र आवश्यकता अनुसार तत्काल जानकारी गराइनेछ।

संयोजक श्री केदारभक्त माथेमाज्यूबाट प्रस्तुत उपरोक्त प्रस्ताब बारेको छलफलको प्ररम्भमै समितिका सदस्यहरूले आपत्ति जनाए। यसरी मतमतान्तर भएको विषयको उल्लेखबाट सुरु भएको बैठकलाई सही रूपमा अगाडि बढ्न सकोस भन्ने हेतुले त्रि.वि.बाट पठाइएको पत्रको वाचनबाट बैठक प्रारम्भ गर्नु उपयुक्त हुने सदस्यहरूको राय रह्यो। तत् पश्चात बैठक त्रि.वि.बाट प्राप्त पत्रको वाचनबाट सुरू भयो। त्रि.वि.बाट प्राप्त पत्र निम्न बमोजिमको छ।

# त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल ।

उपकुलपतिको कार्यालय

२७ कार्तिक, २०६९

श्री केदारभक्त माथेमा
पूर्व उपकुलपति
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा
काठमाडौं ।

त्रिभुवन विश्वविद्यालयका कुलपति एवं सम्मानतीय प्रधानमन्त्री डा.बाबुराम भट्टराईज्यूको अध्यक्षतामा २०६९ असोज २९ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठकमा सम्माननीय प्रधानमन्त्री एवं कुलपतिज्यूको सम्बोधनमा व्यक्त मन्तव्य तथा त्रि.वि.का विद्वान सभासदहरूको भावना अनुसार पाँच दशक भन्दा बढी लामो इतिहास बोकेको नेपालको सबभन्दा जेठो तथा ठूलो त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको मान्यता सहित अनुसन्धानप्रधान र प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा विकास गर्ने त्रि.वि.सभाको सर्वसम्मत निर्णय प्रति नेपाल सरकार सकारात्मक भएको कुरा सहर्ष जानकारी गराउन चाहन्छु ।

देश संघीय संरचना तर्फ उन्मुख भएको वर्तमान सन्दर्भमा उच्च शिक्षाको संरचनामा पनि परिमार्जन तथा परिवर्तन हुने र क्षेत्रिय विश्वविद्यालयहरू पनि खुल्दै जाने सम्भावना बढेको छ । त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको मान्यता प्रदान भए लगतै नेपालको विधायीका संसदबाट ऐन बनी त्रि.वि.का केही आंगिक र केही सम्बन्धन प्राप्त क्याम्पसहरूलाई समावेस गरी स्थापना भएका नयाँ विश्वविद्यालयहरू तथा भविष्यमा खुल्ने विश्वविद्यालयहरू बीचको आपसी सम्बन्ध तथा सहयोगलाई सहज, सरल तथा सुमधुर हुने र गर्ने कार्यमा कुनै पनि बाधा अड्चन नहुने कुरामा त्रि.वि. आफू विश्वस्त रहेको कुरा पनि जानकारी गराउन चाहन्छु ।

उपरोक्त सन्दर्भमा त्रिभुवन विश्वविद्यालय सभाको २०६९ असोज २९ गते बसेको साधारण सभाको बैठकको निर्णय अनुसार पूर्व उपकुलपति श्री केदारभक्त माथेमाको संयोजकत्वमा तपसिल बमोजिमका त्रि.वि.का ९ सभासदहरू

फोन: ४३३०४३३/४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. ८२१२

# त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल ।

उपकुलपतिको कार्यालय

पूर्व उपकुलपति श्री केदारभक्त माथेमा — संयोजक
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

पूर्व शिक्षाशास्त्री प्रा.डा. [illegible] श्रेष्ठ — सदस्य
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

पूर्व सांसद [illegible] श्रेष्ठ — सदस्य
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

त्रि.वि. प्राध्यापक संघ, सभापति, योगेन्द्र नारायण वडुवाडिया — सदस्य
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

त्रि.वि. कर्मचारी संघ, सभापति, कुबेर के.सी. — सदस्य
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

समावेश भएको

त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको स्वरूपमा विकासनार्थ
र
त्रि.वि. तथा नयाँ विश्वविद्यालयहरूको बीच उत्पन्न समस्या समाधानार्थ
अधिकार सम्पन्न उच्चस्तरीय समिति

गठन गरिएको कुरा जानकारी गराउन चाहन्छु ।

उपरोक्त कार्य सम्पादन गर्न कार्य योजना, चरणबद्ध कार्यतालिका बनाउन [illegible] आवश्यक [illegible] अधिकार [illegible] आवश्यक [illegible] दिनमा [illegible] रु.१,०००/- बैठक भत्ता र रु.१०००/- यातायात खर्चको व्यवस्था गरिएको [illegible] गर्न सकिने व्यवस्था पनि मिलाएको छ ।

[illegible]

फोन: [illegible], फ्याक्स: [illegible], E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. [illegible]

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल।

उपकुलपतिको कार्यालय

समितिमा मनोनयन हुनु भएकोमा बधाईको साथै समितिको सम्पूर्ण कार्य सफलताको साथ सम्पन्न गर्न हुनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद।

प्रा.डा. हिराबहादुर महर्जन
उपकुलपति

बोधार्थ तथा कार्यार्थ
पूर्व शिक्षाध्यक्ष प्रा.डा. राममान श्रेष्ठ
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

शिक्षा सचिव सुरेशमान श्रेष्ठ
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

त्रि.वि. प्राध्यापक संघ, सभापति, योगेन्द्र नारायण वडवडिया
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

त्रि.वि. कर्मचारी संघ सभापति, सुधीर के.सी.
सदस्य, त्रिभुवन विश्वविद्यालय सभा

फोन: ४३३०४३६, ४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. ८२१२

उपरोक्त पत्रको वाचन पश्चात त्रि. वि. प्राध्यापक संघका सभापति प्राध्यापक श्री योगेन्द्र नारायण वडबरियाज्यूले

" त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालयको स्वरूपमा विकास

*गर्नु पर्दछ भन्ने हामी सबैको लामो समय देखिको माग हो भन्ने कुराको जिकिर गर्नु भयो त्यसै क्रममा वहाँले "यो त्रि.वि. सभाले पारित गरेको विषय हो, हाल नेपाल सरकारले त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालयको स्वरूप प्रदान गर्ने सैद्धान्तिक मान्यताको प्रस्ताव विधिवत निर्णय गरि सकेको कारण स्थिति बदएिको छ , यस बारे नयाँ सीराबाट सोच्नु पर्ने हुन्छ " भन्नु भयो । जहाँ सम्म प्राध्यापक संघको सभापतिको हैसियतले आफ्नो कुरा भन्नु पर्दा "प्राध्यापकहरूको प्राज्ञिक स्वतन्त्रता तथा हक हीत को संरक्षण तथा सम्वर्धनको ग्यारेन्टी बिनाको कुनै पनि कुरा र कार्यमा मेरो र सम्पुर्ण प्राध्यापक परिवारको सहमति हुने छैन "भन्ने कुरा म सबैको सामु स्पष्ट रूपमा राख्न चाहान्छु । वहाँले "देशका विद्यार्थीहरूले निर्वाध रूपमा शिक्षा दिक्षा पाउनु पर्दछ । कुनै पनि विद्यार्थीको प्राज्ञिक भविष्य सुनिश्चित नहुने गरी प्राज्ञिक कार्यक्रमको रूपान्तरण, स्थगन, स्थानान्तरण, हस्तान्तरण आदि हामीलाई स्वीकार्य हुने छैन । "* भन्ने कुरा पनि जोडदार शवदमा राख्नु भयो ।

त्यसै गरी बैठकमा आफ्नो बिचार गर्ने क्रममा त्रि.वि.कर्मचारी संघका सभापति कुबेर के.सी.ज्यूले

*"कर्मचारी जगतले भोग्नु परेका र परिरहेका विविध पीर मर्काहरूको बिस्तृत व्याख्या गर्ने क्रममा त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालयमा बिकास गर्दा वा त्रि.वि.का कतिपय क्याम्पसलाई अन्य विश्वविद्यालय अन्तर्गत लाने प्रयासमा त्रि.वि. शिक्षक कर्मचारीहरूको सेवा सुविधा, काम कर्तव्य, तथा अधिकारको सुरक्षा, संरक्षण तथा संवर्धनमा प्रतिकुल असर पर्ने, हुने वा गरिने खालको कुनै पनि सहमति वा सम्झौता गर्न नसकिने "*आफनो अडान कडाइका साथ राख्नु भयो ।

वहाँले *"कसैले त्रि.वि.मै बस्न चाहे, कसैले स्वेच्छाले अवकास लिन चाहे वा अन्यले अन्य विश्वविद्यालयमा जान चाहेमा तीनिहरूको सेवा सुविधा काम कर्तव्य, तथा अधिकारको के कस्तो किसिमले संरक्षण तथा संवर्धन हुने वा गरिने हो सो को निर्क्योल नभइकन हचुवाको भरमा चल अचल सम्पति लगायत कर्मचारीकरूको रूपान्तरण, स्थानान्तरण, हस्तान्तर आदि हामीलाई स्वीकार्य हुने छैन"* पनि भन्नु भयो ।

समितिको बैठकमा उपस्थित तेश्रो सदस्यको नाताले प्रा.डा. राम मानज्यूले आफ्नो मन्तव्य निम्नानुसार राख्नु भयो ।

*"त्रि.वि. सभामा पदाधिकारीहरूको तर्फबाट उपरोक्त समितिको सदस्यताको लागि मेरो नाम प्रस्तावित भए लगतै मैले सभा समक्ष आफुलाई लागेका निम्न बमोजिमको अवधारणा अनुमोदनको लागि अनुरोध गरेको थिएँ ।*

क) *त्रि.वि.को मूल पात्र भन्नाले विद्यार्थी भनेर बुझिन्छ । प्रत्येक विद्यार्थीको आफुले विधिवत भर्ना भई तोकिएको अवधि सम्म अध्ययन तथा परिक्षा उतिर्ण भइ सो विश्वविद्यालयबाट दिक्षा पाउने नैसर्गिक अधिकार हुन्छ । उक्त नैसर्गिक अधिकारमा असर पर्ने गरी कार्यक्रम स्थगन, रूपान्तरण, हस्तान्तरण जस्ता कुनै प्रकारको समझदारी गर्नु हुँदैन ।*

ख) *त्रि.वि.ले त्रि.वि ऐन द्वारा तोकीएका र निर्दिष्ट कार्यक्रमहरू यथावत संचालन गर्ने र गरिरहने अधिकारको सुरक्षा, संरक्षण तथा संवर्धनमा कमि कमजोरी आउने खालको समझदारी गर्न हुँदैन । त्यसै गरी त्रि.वि.का हाल संचालित र भविष्यमा संचालन गरिने कार्यक्रमको लागि आवश्यक, शैक्षिक, भैतिक, चल अचल सबै प्रकारको मानवीय, व्यवस्थापकीय श्रोत तथा संसाधानमा कतै र कुनै प्रकारको ह्रास तथा कमि कमजोरी हुने कार्य गरिनु हुँदैन ।*

ग) *त्रि.वि ऐन द्वारा प्रदत्त शिक्षक/कर्मचारीमा कुनै पनि प्रकारको प्राज्ञिक स्वतन्त्रता तथा पेशागत हक, हीतको संरक्षण तथा संवर्धनमा कमि कमजोरी आउने खालको समझदारी गरिनु हुँदैन । ।*

घ) *त्रि.वि लाई नेपाल सरकारबाट केन्द्रीय (राष्ट्रीय) विश्वविद्यालयको मान्यता प्रदान गराउन हर सम्भव प्रयत्न गरिनु पर्दछ ।*

वहाँको उपरोक्त अवधारणा सम्पुर्ण सभासदहरूको करतलध्वनिको माझमा अनुमोदन भएको थियो । दुख यस मानेमा रह्यो की संयोजक श्री केदार भक्त माथेमाज्यू पहिले नै सभाबाट फर्कि सक्नु भएको कारण यस बारे वहाँ अनविज्ञ रहनु पर्‍यो ।

समितिका संयोजकज्यूको प्रस्ताव एकपक्षीय मात्र भएको र त्रि.वि. सभा, त्रि.वि. पदाधिकारी, तथा सरोकारवाला विद्यार्थी, शिक्षक, कर्मचारी, स्थानिय व्यक्ति तथा राजनीतिक पार्टीका प्रतिनिधिहरूले लिखित तथा मौखिक रूपमा राखेका बिचार तथा विषयबस्तुलाई आवश्यक ध्यान नदिएको कारण वहाँको प्रस्ताव समितिले जस्ताको तस्तै अनुमोदन गर्न नसकिने मत जाहेर भए पछि वहाँले समितिमा बसेर काम अगाडि बढाउन नसकिने कुरा व्यक्त गर्नुको साथै समितिबाट राजिनामा समेत दिने हो की भनि आफ्नो अभिव्यक्ति दिनु भयो । यसरी समितिको पहिलो बैठकमै गतिरोध आउने देखेर हामीले " तपाई जस्तै हामी पनि सभाबाट गठित तथा मनोनित सदस्यहरू भएको कारण तपाईले कथमकदाचित राजिनामा दिनु भए पनि हामीले छलफल गर्ने र आ-आफ्नो मत राख्ने अधिकार यथावत कायमै रहेको मान्छौं र तपाइको राजिनामा संगै हाम्रो पनि राजिनामा भएको भन्ने अर्थ लगाउने सोंच नबनाउनु होला " भनेर वहाँ समक्ष अनुरोध पनि गरिएको थियो ।

तत् पश्चात समितिका संयोजकज्यूले "हाम्रो कुरा बाझ्यो । यसरी समितिको कार्य अगाडि बढाउन सकिने अवस्था रहेन । मैले आफ्नो प्रस्ताव समितिबाट पास गराएर उपकुलपति समक्ष पेस गर्ने सोचेको । तर बैठकमा उपस्थित कसैले पनि मेरो प्रस्तावमा सहमति जनाएन" भन्दै बैठकको माइन्युत कपि आफु स्वयम्ले राख्नु भयो र बैठक स्थगित गर्नु भयो । बैठक बारे उपरोक्त सबै कुराको जानकारी वहाँले पदाधिकारीज्यूहरूलाई समक्ष पेस गरेकै होला भन्ने हाम्रो अनुमान छ ।

## ४. समस्या समाधान समितिको बैठक नभएको अवस्था

समस्या समाधान समितिको बैठक लामो समय सम्म पनि नबोलाइएको कारण थाहापाउने प्रयासमा समितिका संयोजकले राजिनामा दिइ सकेको तर त्यसको औपचारीक पुष्टि तथा बैकल्पिक व्यवस्था पनि नभएको अनौपचारीक जानकारीमा आयो । त्रि.वि.सभाका सदस्यका हैसियतले हामी तनि पक्षले आफ्नै पहलमा भएपनि के कस्तो राय सुझाव राख्नु पर्ला भन्ने बारे अनौपचारिक रूपमा प्रारम्भिक छलफलको थालनि गर्‍यौं र हाम्रो उक्त प्रयासलाई विधिसम्मत होस भन्नाका लागि त्रि.वि.का उपकुलपतिज्यूको अध्यक्षतामा बैठक सञ्चालन पनि गर्‍यौं र हामीले अनौपचारिक रूपमा तयार पारेको प्रारम्भिक राय सुझावहरू छलफलको बिषय बस्तु बनायौं र अर्को बैठकमा त्यसलाई अन्तिम रूप दिने निर्णय गर्‍यौं ।

## ५ मौजुदा स्थिति

त्रिभुवन विश्वविद्यालय सभाका कुलपति एवं सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूको अध्यक्षतामा २०६९ असोज २९ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको साधारण वैठकमा सम्माननीय प्रधानमन्त्री एवं कुलपतिज्यूबाट भएको सम्वोधन तथा प्रतिवद्धतालाई ध्यानमा राख्दै त्रिभुवन विश्वविद्यालयलाई देशको एक केन्द्रीय (राष्ट्रीय) विश्वविद्यालयको रूपमा विकास गर्न तथा नेपालको विधायिका संसदबाट ऐन बनि त्रि.वि का आंगिक र केही सम्वन्धन प्राप्त क्यम्पसहरूलाई समावेस गरी स्थापना भएका नयाँ विश्वविद्यालयहरूको बिच उत्पन्न असमझदारीलाई न्यूनिकरण गर्दै गत केही समय यता देखा परेका समस्याहरू समाधान गर्ने कार्यलाई अब नयाँ सिराबाट सोंच्नु पर्ने स्थिति सिर्जना भएको वास्तविकतालाई ध्यानमा राखेर बनेको

त्रिभुवन विश्वविद्यालयलाई देशको एक केन्द्रीय (राष्ट्रीय) विश्वविद्यालयका रूपमा विकास गर्न

र

त्रि.वि. तथा नयाँ विश्वविद्यालयहरूको बिच उत्पन्न समस्या समाधनार्थ गठित

अधिकार सम्पन उच्चस्तरीय समिति

का हामी तीन सदस्यहरू : प्रा.डा. राम मानज श्रेष्ठ, त्रि. वि. प्राध्यापक संघका सभापति प्राध्यापक श्री योगेन्द्र नारायण बडबरिया र त्रि.वि.कर्मचारी संघका सभापति कुबेर के.सी., ले आपसी छलफल गरी निम्नानुसारका साझा राय सुझावहरू तयार पारी पेस गरिएको छ ।

क). केही कानूनी प्रावधानहरू

त्रिभुवन विश्वविद्यालय सम्वन्धी कुनै पनि विषयमा निर्णय गर्ने क्रममा सबै भन्दा पहिले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ४ मा उल्लेखित निम्न उपदफाहरू आकर्षित हुने कुरालाई

(१) विश्वविद्यालय (त्रि.वि.) अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(३) विश्वविद्यालयले (त्रि.वि.ले) ब्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्थ ागर्न सक्नेछ ।

(४) विश्वविद्यालयले (त्रि.वि.ले) ब्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा उल्लेखित उपरोक्त उपदफाहरू त्रि.वि.को अस्तित्व (संचालन तथा बिघटन) संग गाँसिएका बिषयहरू हुन् । अतः त्रि.वि.संग कुनै परामर्श नगरी वा त्रि.वि.को स्वीकृति बेगर त्रि.वि.का आंगिक क्याम्पसहरू, कार्यालयहरू समेटेर ती स्थानको परिसरमा बिभिन्न विश्वविद्यालयहरू वा अन्य कुनै निकाय स्थापना गर्ने कार्य कतै कहीबाट गर्न खोजिएमा उक्त कार्यलाई त्रि.वि.स्वीकृति दिन वाध्य हुँदैन र छैन पनि ।

(ख) स्वायत्तता तथा प्राज्ञिक स्वतन्त्रता

त्रिभुवन विश्वविद्यालय ऐनद्वारा स्थापित एक संगठित स्वायत प्राज्ञिक संस्था हो । त्रि.वि ऐन अन्तरगत रहेर यस्ले बिबिध खाले र तहका शैक्षिक प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गर्न सक्दछ । त्यसै गरी सञ्चालित कार्यक्रमहरू निर्वाध रूपमा बिकास तथा बिस्तार गर्न नपाउनु वा स्थगन हुनु भनेको उक्त विश्वविद्यालयको स्वायत्तता कुन्ठित हुनु वा अतिक्रमित हुनु हो । यसतो स्थिति आउन नदिनु र त्रि.वि.को स्वायत्तता तथा प्राज्ञिक स्वतन्त्रता संरक्षण तथा सम्वर्धन गर्नु त्रि.वि.का पदाधिकारी, शिक्षक, कर्मचारी र बिद्यार्थीहरूको मात्र नभई सम्पूर्ण बौद्धिक जगतको परम कर्तव्य हो ।

(ग) शिक्षादिक्षा

त्रिभुवन विश्वविद्यालयका बिबिध प्रकारका आफ्नै शैक्षिक कार्यक्रमहरु छन् । त्रि.वि.ले आफ्ना शैक्षिक कार्यक्रमहरू कुनै पनि अर्को विश्वविद्यालयलाई हस्तान्तरण गर्ने चलन छैन र गर्न पनि सकिँदैन । आपसी सहमतिको आधारमा साझा शैक्षिक कार्यक्रमहरू भने संचालन गर्ने चलन छ । कार्यक्रम जेजस्तो प्रकारको भएतापनि कुनै बिद्यार्थीले त्रि.वि.को कुनै तहको शैक्षिक कार्यक्रममा भर्ना भएमा उसलाई त्रि.वि.मै आफ्नो शैक्षिक कार्यक्रम पूरा गर्न पाउने अधिकार हुन्छ र सो को सुरक्षा (ग्यारेन्टी) त्रि.वि.ले प्रदान दिनै पर्ने हुन्छ र दिइ राखेको पनि छ । । साथै उक्त बिद्यार्थीले आफु अध्ययन गरेको तहको अन्तिम परिक्षा उत्तिर्ण गरेमा उसलाई त्रि.वि.ले सोही तह उतिर्ण भएको प्रमाण पत्र प्रदान गर्ने गरेको छ । कथम कदाचित त्रि.वि.द्वारा सञ्चालित कुनै पनि कार्यक्रम स्थगन भएमा वा गरिएमा त्रि.वि.ले उपरोक्त कार्यहरू कसरी गर्ने सो को लागि कुनै व्यवस्था छैन । जहाँ सम्म कार्यक्रमको स्थानान्तरणको सवाल छ त्यस्को लागि आवश्यक भौतिक पूर्वाधारहरू र जनशक्ति नयाँ ठाउँमा तत्कालै तर्जुमा गर्न त्यति सजिलो र सम्भावना पनि छैन ।

(घ) शिक्षार्थी, शिक्षक तथा कर्मचारीको भविष्य

त्रि.वि.का आंगिक क्याम्पसहरूमा सञ्चालित कार्यक्रमहरू स्थगन, स्थानान्तरण, हस्तान्तरण आदिले त्रि.वि.का शिक्षार्थी, शिक्षक तथा कर्मचारीको भविष्य असुरक्षित हुने देखिन्छ । यस्को उचित व्यवस्था बिना बलात् कुनै पनि यस्तो कार्य भए गरिएमा सरोकारवाला सबैलाई सो कार्य स्वीकार्य नहुने देखिन्छ ।

(ङ) शैक्षिक तथा व्यवस्थापकीय मानवीय स्रोत

त्रिभुवन विश्वविद्यालयले लामो समय देखि शैक्षिक तथा अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । तर खास खास बेला तथा परिस्थितिको मागलाई ध्यानमा राखेर त्रि.वि.ले बिबिध किसिमका आवधिक वा दीर्घकालिन शैक्षिक / प्राज्ञिक कार्यक्रमहरू पनि संचालन गर्ने गरेको छ । अर्को शव्दमा भन्दा त्रि. वि.ले अल्पकालीन र दीर्घकालीन जनशक्ति विकास योजनाहरू संचालन गरेर देशको लागि आवश्यक जनशक्ति तयार गरेको मात्र नभई तयार भएका जनशक्ति मध्ये केहीलाई नियमित रूपमा चल्ने र खास खास बेला सञ्चालन गरिएका कार्यक्रममा समावेस गर्ने गरेको छ । यस कार्यलाई बिशेष महत्वका साथ अगाडि बढाएर त्रि.वि.मा सञ्चालन हुने वा गरिने बिबिध तथा बहुआयामिक कार्यक्रमहरूमा समेट्न दरवन्दीको बृद्धि गर्नुको सट्टा हाल भएका शिक्षक कर्मचारीको लगत कट्टा गरी अन्य विश्वविद्यालयमा लगिने भन्ने कुरो साँचो भएमा त्यसले पक्कै पनि अनिष्टता सिर्जना गर्नेछ । अत: कुनै हालतमा पनि त्रि.वि.ले हाल सम्म प्राप्त गरेको जनशक्तिको दरवन्दी घटाउनु उपयुक्त हुने छैन ।

हालकै सन्दर्भमा हेर्ने हो भने पनि त्रि.वि.का आंगिक क्याम्पसहरूले आ-आफ्ना क्षेत्रमा सञ्चालित सम्वन्धन प्राप्त क्याम्पसहरूको परिक्षा संचालन, अनुगमन लगायतका बिबिध कार्यमा महत्व पूर्ण भूमिका खेलिरहेका छन् । त्यसता क्याम्पसहरू त्रि.वि अन्तर्गत नरहने अवस्थामा त्रि.वि.को शैक्षिक तथा व्यवस्थापकीय भार बहन गर्न थप जनशक्तिको आवश्यकता पर्नु स्वभाविक छ ।

(च) भौतिक सम्पत्ति तथा अन्य पूर्वाधारहरू

विश्वविद्यालयको भौतिक सम्पत्ति तथा अन्य पूर्वाधारहरू मूलत शैक्षिक कार्यक्रमहरूसंग सम्बन्धित हुन्छन् । शैक्षिक कार्यक्रमको प्रयोजनमा आउने हुनाले शैक्षिक कार्यक्रमको विकास संग-संगै भौतिक सम्पत्तिको पनि विकास हुने गर्दछ । त्रि.वि.संग हाल रहेको जमिन, भवन, पुस्तकालय, संग्रहालय, प्रयोगशाला, अस्पताल, छात्रावास, आवास गृह आदि जस्ता भौतिक सम्पत्तिहरु दशकौं लगाएर तयार भएका हुन् । एकाएक ती सम्पत्तिहरु तयार गर्न सम्भव हुँदैन । तिनीहरुको विकल्प तयार गर्न राम्रो योजना, ठूलो धनराशी र समय खर्चिनु पर्ने हुन्छ । त्यसैले त्रि.वि.का आफ्ना शैक्षिक कार्यक्रमहरु चलिरहँदा सम्म ती सबै त्रि.वि.लाई नै आवश्यक पर्ने हुन्छ । उपयुक्त विकल्प तयार नहुँदै सम्पत्तिहरू हस्तान्तरण वा आधारभूत संरचना यताउता गरिएमा त्रि.वि.का शैक्षिक कार्यक्रमहरू अवरुद्ध हुने हुन्छन् । यस्तो कुनै पनि कार्य सम्पादन गर्न खोज्नु पूर्व उपयुक्त विकल्प सहितको योजनाबारे छलफल गरी निकासको बाटो खोज्नुनै एक मात्र उत्तम बिकल्प मान्न सकिन्छ । उपयुक्त विकल्प तयार गर्ने प्रथम दायित्व नेपाल सरकारको हो । त्रिभुवन विश्वविद्यालयले यस सम्वन्धमा सकारात्मक सोंच राख्दै नेपाल सरकार तथा सम्वन्धीत निकायहरू समक्ष आफ्ना राय सुझाउहरू प्रस्तुत गर्दै आएको र गर्दै रहने प्रतिवद्धता त्रि.वि.ले व्यक्त गर्नै पर्दछ ।

(छ) दायित्व:

त्रिभुवन विश्वविद्यलायले आफ्ना प्राध्यापक, कर्मचारी, विद्यार्थीको प्रतिको ठूलो दायित्व बहन गर्दै आएको छ र यो निरन्तर बढ्दै जानेमा क्रममा छ । तर ती दायित्व वहन गर्ने स्रोत साधनको निक्कै अभाव छ । त्रि. वि. मा कार्यरत प्राध्यापक, कर्मचारी निवृत्त हुँदा उपलब्ध गराउनु पर्ने निवृत्तिभरण, उपदान, स्वास्थ्य उपचार, संचित विदा वापतको रकम, छात्रवृत्ति, अन्तिम संस्कार खर्च जस्ता आर्थिक दायित्व त्रि.वि.ले आन्तरिक स्रोतबाट व्यहोर्नु पर्दा निक्कै ठूलो आर्थिक संकट भोग्नु परेको छ । यो अवस्था जस्ताको तस्तै रहि रह्यो हो भने त्रि.वि.ले उपरोक्त अनुसार आर्थिक दायित्व वहन गर्न नसक्ने हुन्छ । फलस्वरूप आर्थिक संकट बढ्ने र सेही कारण देशको झण्डै नब्बे प्रतिशत (९०%) उच्च शिक्षाको जिम्मेवारी वहन गरेको विश्वविद्यालय बन्द हुने अवस्थामा पुग्न सक्दछ । यसतो स्थिति पैदा भएमा नेपाल सरकारले कमसेकम आफ्नो इज्जत जोगाइ राख्न भए पनि त्रि.वि.लाई आफ्नो मातहतमा लिनु पर्ने अथया केन्द्रीय (राष्टीय) विश्वविद्यालय बनाउन बाध्य हुनु पर्ने हुन्छ ।

(ज) अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त कार्यक्रमहरू

त्रि.वि.का कार्यक्रमहरू संचालन गर्ने क्रममा यसका विभिन्न अध्यापन संस्थान र संकाय अन्तर्गतका क्याम्पसहरूमा संचालित हुने गरी दातृ राष्ट्र, निकायहरुको सहयोग लिने सम्झौताहरू भएका छन् । त्यस्ता दातृ संस्थाहरूको सहयोगमा संचालित कार्यक्रमहरू कम्तिमा संझौता अवधि सम्म तोकिएका क्याम्पसहरूमै सञ्चालन गर्नु पर्ने हुन्छ । कुनै एउटा क्याम्पस त्रि.वि. सित आवद्ध नहुने बितिकै समझदारी पत्रमा उल्लेखित शर्त तोडिने हुन्छ र सञ्चालित कार्यक्रम बीचैमा अबरुद्ध हुने र त्यसले गर्दा विश्वविद्यालय र राष्ट्रको साखमा आँच पुग्ने अवस्था सिर्जना हुन जान्छ । तसर्थ त्यस्ता कार्यक्रमहरूको पूर्णता प्राप्त नभए सम्ममा वा उपयुक्त विकल्प सहित अर्को व्यवस्था नभए सम्म सम्झौता अन्तर्गत उपलब्ध गराइएका वा भएका भौतिक सम्पत्तिहरू हस्तान्तरण गर्ने कार्य कुनै हालतमा सम्भव हुने देखिँदैन । यस्ता कार्यक्रम बारे सम्झनै पर्ने थप कुरा भनेको ती कार्यक्रमहरू विश्वविद्यालयको सभाद्वारा पारित नीति तथा कार्यक्रम अनुसार राज्यको आवश्यकताका आधारमा तय गरिएका कार्यक्रमहरू हुन ।

(झ) सक्षेपमा संक्रमणकाल

कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, मध्य-पश्चिमाञ्चल विश्वविद्यालय ऐन तथा सुदुर-पश्चिमाञ्चल विश्वविद्यालय ऐन अन्तर्गत स्थापना भएका तीन वटा विश्वविद्यालयहरूमा उपकुलपतिज्यूहरू नियुक्तिको लगतै पछि ती ऐनमा त्रिविका क्याम्पसहरू तथा अन्य क्याम्पसहरूलाई समावेश गरी सोही क्याम्पसहरुको परिसरमा केन्द्रीय कार्यालय रहने गरी ती विश्वविद्यालयहरू सञ्चालन गर्ने कुरा व्यापक चर्चामा आएको भएता पनि त्रि.वि.का तोकिएका क्याम्पसहाताहरूमा सञ्चालन भइ रहेका कार्यक्रमहरू भने तुरुन्तै स्थगन वा स्थानान्तरण गर्न नसकिने वास्तविकतालाई आत्मसात् गर्न नसक्नुका कारण त्रि.वि. तथा उपरोक्त तीन वटा विश्वविद्यालयहरू बिच उत्पन्न असहज परिस्थितिको उपयुक्त समाधान निकाल्ने प्रयासले हाल सम्म खासै गति लिन सकेको छैन ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, मध्य-पश्चिमाञ्चल विश्वविद्यालय ऐन तथा सुदुर-पश्चिमाञ्चल विश्वविद्यालय ऐनमा मात्रै केन्द्रीत भई एक पक्षिय रूपमा कुरा अगाडि बढाउनाले त्रि.वि.ऐनलाई बेवास्ता गरेको अनुभुति हुन्छ । यस प्रकारको पहलकदमीले त्रि.वि.को प्राज्ञिक वातावरण, शिक्षार्थीहरूको शिक्षादिक्षा प्राप्त गर्ने अधिकार, शिक्षक कर्मचारीको हक, हीत तथा प्राज्ञिक स्वतन्त्रा आदिमा के कस्तो असर पर्ला भन्ने बारे बिलकुलै ध्यान नदिइ समस्या समाधान गर्ने तर्फ अन्य पक्ष लागेको देखिन्छ । बल्झेको समस्या समाधानार्थ त्रि.वि.ले सकारात्मक सोँच सहित सम्वन्धीत क्याम्पसहरूका सरोकारवाला पक्षहरूसंग स्थलगत रूपमै सम्पर्क गरी गराएको अध्ययन प्रतिवेदनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा उत्पन्न हुन सक्ने समस्याहरू, चुनौतिहरू तथा अवसर बारे उल्लेख गरिएको थियो । उक्त अध्ययन प्रतिवेदन त्रि.वि सभामा विधिवत पेस गरिएको पनि थियो । त्रि.वि. सभाले उक्त अध्ययन प्रतिवेदनलाई समेत ध्यानमा राखेर समस्या समाधानार्थ कार्यदल पनि बनाएको स्थिति सबैलाई थाहा भएकै कुरा हो । आपसी छलफल तथा समझदारीको आधारमा समस्या समाधान गर्न त्रि.वि.को तर्फबाट पटक पटक पहल गर्दा गर्दै पनि त्रि.वि. प्रतिको नकरात्मक सोँचको कारण त्रि.वि. माथि बिबिध खाले दबाव दिने कार्य हुँदै आएको छ ।

त्रि.वि. दबाव हैन आपसी सद्भाव तथा समझदारी चाहान्छ । त्रि.वि.मा संचालित कार्यक्रमहरू बिधिवत सञ्चालन भएको हेर्न चाहान्छ र अन्य विश्वविद्यालयमा पनि त्यसै भएको हेर्न चाहान्छ । निषेधको सोँचले कसैलाई लाभ हुने छैन । हाम्रा अगाडि नीतिगत, संस्थागत, कानूनी, व्यवस्थपकीय, प्रश्नहरूको अलावा प्राज्ञिक वातावरण, शिक्षार्थीहरूको शिक्षादिक्षा प्राप्त गने अधिकार, शिक्षक कर्मचारीको हक, हीत तथा प्राज्ञिक स्वतन्त्रता आदि बारे प्रश्नहरू पनि छन् । हठातमा निर्णय गरेर बलात कार्यान्वयन तर्फ अग्रसर हुँदा नसोचिएको परिणाम निस्कन सक्छ । अत:सबैको समझदारी र सहभागितामा एउटा संक्रमणकालीन योजना **(Transitional Plan)** तर्जुमा गरी अगाडी बढ्नु सबैको लागि उपययुक्त उपाय हुन सक्छ । त्यस्तो योजना निर्माण तथा कार्यान्वयनमा नेपाल सरकारको बिशेष भूमिका रहने कुरामा सबैको सहमति हुने देखिन्छ ।

## ६. केन्द्रीय विश्वविद्यालयको रूपमा त्रि.वि.- एक मात्र उत्तम बिकल्प

नेपाल सरकारबाट हालै त्रिभुवन विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयको सैद्धान्तिक मान्यता प्रदान गरिएको छ । केन्द्रीय विश्वविद्यालयका रूपमा त्रि. वि.ले राष्ट्रलाई आवश्यक पर्ने सबैजसो क्षेत्र र विषयसंग सम्बन्धित उच्च शैक्षिक जनशक्ति उत्पादन गर्ने योजनामा महत्वपूर्ण योगदान गर्न सक्नेछ । त्रि. वि.लाई केन्द्रीय विश्वविद्यालयको रूपमा संचालन गर्ने निर्णयलाई सरकारले यथासिघ्र मूर्त रूप दिनु पर्ने देखिन्छ । केन्द्रीय विश्वविद्यालयको रूपमा त्रि. वि.संचालनमा आईसकेपछि विश्वका सबै देशमा झै यसको आर्थिक दायित्व, जनशक्तिको व्यवस्थापन, भौतिक सम्पत्तिको संचालन सबैको जिम्मेवारी पनि नेपाल सरकारसंग रहने हुनाले हालका अपठयाराहरू सुल्झाउन निक्कै सहज हुन देखिन्छ ।

त्रिभुवन विश्वविद्यालयले पनि आफुलाई प्रदान गरिएको केन्द्रीय (राष्ट्रीय) विश्वविद्यालयको सैद्धान्तिक मान्यतालाई मूर्त रूप दिने क्रममा आफ्ना प्राज्ञिक, व्यवस्थापकीय, प्रशासनीक, आर्थिक सबै पक्षमा पुनर्मुल्यांकन गरी आवश्यकता अनुसार यथाशिघ्र सुधार, परिमार्जन, रूपान्तरण तथा परिवर्तन गर्नै पर्ने हुन्छ । तर यो कार्यलाई व्यबहारमा परिणत गर्न त्रि.वि.को कुनै स्थानमा सञ्चालित आफना कार्यक्रम बिचैमा स्थगन वा स्थानान्तरण वा रूपान्तरण वा परिवर्तन गर्नु पर्ने हुन्छ र सो भएमा वा गरिएमा

१) उक्त कार्यक्रममा भर्ना भएका विद्याथीहरूले आफु भर्ना भएको तहको पुरा प्राज्ञिक वर्ष त्रि.वि.मै अध्ययन गर्न पाउने व्यवस्था सरोकार वाला विद्यार्थी पक्ष, त्रि.वि. र नेपाल सरकारले सहमतिको आधारमा गर्नु पर्ने हुन्छ

२) नेपाल सरकारले उक्त कार्यक्रमहरूलाई अझ बिकसित रूपमा सञ्चालन गर्न आवश्यक सबै भौतिक तथा मानवीय स्रोत तथा साधनको व्यवस्थाको जिम्मा नेपाल सरकारले लिनु पर्ने हुन्छ।

३) नेपाल सरकारले त्रि.वि.का शिक्षक कर्मचारीलाई नेपालको केन्द्रीय (राष्ट्रीय) विश्वविद्यालयका शिक्षक कर्मचारीको मान्यता सहित सबैको काम, कर्तव्य तथा अधिकारको ग्यारेन्टी र पेशागत हकहीतको संरक्षण तथा सम्वर्धनको जिम्मा नेपाल सरकारले लिनु पर्ने हुन्छ ।

४) तत्कालको लागि त्रि.वि., नेपाल सरकार तथा सम्बन्धीत नयाँ विश्वविद्यालय बीच समझदारी पत्र तयार गर्ने जस्मा त्रि. वि. को पक्षमा के कति कार्य सम्पन्न भए लगतै स्थगन वा स्थानान्तरण गरिएको कार्यक्रमको के कति सम्पति र कसरी हस्तान्तरण गर्ने बारे स्पष्ट सूचि बनाउनु पर्ने हुन्छ ।

## ७. काम कसरी थालनि गर्ने ?

संक्रमणकालीन योजना तर्जुमा तथा समस्या समाधान प्रक्रियाको थालनि गर्न त्रि.विं ले निम्नानुसार विषयहरूबारे क्रमशः बिचार गर्नु उपयुक्त हुने देखिन्छ ।

त्रिभुवन विश्वविद्यालय देशको उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धान क्षेत्रको मूल केन्द्र भएको कारण यस्ले प्राज्ञिक मूल्य, मान्यता तथा मर्यादामा आँच नआउने गरी समझदारी वा सम्झौता गर्नु पर्ने हुन्छ । त्रि.वि.का कुनै पनि भौतिक, मानवीय तथा अन्य स्रोत तथा साधनको पुनर्वितरण तथा व्यवस्थापन गर्ने क्रममा त्रि.वि.को मुल पात्रको रूपमा रहेका विद्यार्थीहरूको शिक्षा र दिक्षाको सवाल प्रमुख सवालको रूपमा लिनु पर्ने हुन्छ । यी सबै काम अगाडि बढाउने क्रममा त्रि.वि.का क्याम्पसहरूमा सञ्चालित कार्यक्रमहरू मध्ये केही स्थगन, केही स्थानान्तरण, केहीमा रूपान्तरण र केहीमा आमूले परिवर्तन गनुं पर्ने हुन्छ । पहिलो चरणमा त्रि.वि.ले नेपाल सरकारको सहयोगमा

१) त्रि.वि.मा भर्ना भएका वा भर्ना हुने प्रत्येक विद्यार्थीले आफु भर्ना भएको तहको पुरा प्राज्ञिक वर्ष त्रि.वि.मै अध्ययन गर्न पाउनु पर्ने व्यवस्था तुरुन्तै मिलाउनु पर्ने हुन्छ ।

२) त्रि.वि.को नियममा तोकिएको अवधि सम्म त्रि.वि.मा पुरा प्राज्ञिक वर्ष अध्ययन गरेका विद्यार्थीले तहगत परिक्षा उतिर्ण गरेमा सो विद्यार्थीलाई उपयुक्त तहको दिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ ।

३) कुनै स्थानमा सञ्चालित आफ्नो कार्यक्रम बिचैमा स्थगन वा स्थानान्तरण भएमा वा गरिएमा त्यसबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर परेका वा पर्ने पक्षलाई तरून्तै उचित क्षति पुर्ति दिनु पर्ने हुन्छ ।

४) कुनै स्थानमा त्रि.वि.को कार्यक्रम स्थगन वा स्थानान्तरण हुँदा वा गरिंदाको कारण त्रि.वि.संग सम्वन्धन प्राप्त कतिपय क्याम्पसहरूको नियमित अनुगमन, परिक्षा सञ्चालन आदिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्ने हुनाले सो समस्या समाधानार्थ उचित व्यवस्था गर्नु पर्दछ ।

६) कुनै स्थानमा सञ्चालित त्रि.वि.को कार्यक्रम बिचैमा स्थगन वा स्थानान्तरण नभएको अवस्थामा उक्त कार्यक्रम सञ्चालनको लागि आवश्यक कुनै प्राज्ञिक, व्यवस्थापकीय, प्रशासनीक, आर्थिक, भौतिक श्रोत तथा साधन हस्तान्तरण गर्न सकिने सम्भावना छैन र तत्कालै अर्को संरचना बनाई ती कार्यक्रम सञ्चालन गर्ने भन्ने कुरा सम्भव नहुने हुनाले उक्त कार्यक्रमहरू सञ्चालन भईरहेको अवस्थामा मौजुदा प्राज्ञिक, व्यवस्थापकीय, प्रशासनीक, आर्थिक, भौतिक श्रोत तथा साधन हस्तान्तरण गर्ने कुरा सान्दर्भिक हुँदैन ।

७) कुनै स्थानमा सञ्चालित त्रि.वि.को कार्यक्रम बिचैमा स्थगन वा स्थानान्तरण भएमा वा गरिएमा उत्पन्न हुन सक्ने बिबिध प्राज्ञिक, व्यवस्थापकीय, प्रशासनीक, आर्थिक, भौतिक श्रोत तथा साधन सम्वन्धमा त्रि.वि.ले सूक्ष्म रूपमा अध्ययन गरी एक बिस्तृत योजना सहितको प्रस्ताव नेपाल सरकार समक्ष प्रस्तुत गर्नु पर्ने हुन्छ र सो को सम्पुर्ण व्यवस्था गर्ने जिम्मा नेपाल सरकारले विधिवत लिनु पर्ने हुन्छ ।

८) त्रि.वि.का कायंक्रमहरू सरण भई आंगिक क्याम्पसहरू गरिने/हुने स्थितिको प्रक्रिया थालनी गर्नु अगाडि नै

क) कायंक्रमहरू स्थानान्तरण गरिने/हुने आंगिक क्याम्पसहरूमा कार्यरत शिक्षक कर्मचारीहरूको तलब भत्ता अबिलम्ब उपलब्ध गराइनु पर्ने

ख) कायंक्रमहरू स्थानान्तरण गरिने/हुने आंगिक क्याम्पसहरूमा कार्यरत शिक्षक कर्मचारी तथा बिद्यार्थीहरूको सहमति तथा स्वीकृति लिनु पर्ने

ग) कायंक्रमहरू स्थानान्तरण गरिने/हुने आंगिक क्याम्पसहरूमा कार्यरत शिक्षक कर्मचारीहरूलाई स्वेच्छीक छनौटको अवसर दिइनु पर्दछ ।

घ) यसरी कायंक्रमहरू स्थानान्तरण गरिने/हुने क्रममा त्रि.वि.का शिक्षक कर्मचारीहरू सबैको काम, कर्तव्य तथा अधिकारको तथा सेवा र सुविधा ग्यारेन्टी अर्थात पेशागत हकहीतको संरक्षण तथा सम्वर्धनको जिम्मा नेपाल सरकारले लिनु पर्ने हुन्छ ।

ङ) कायंक्रमहरू स्थानान्तरण गरिने/हुने आंगिक क्याम्पसहरूको चल अचल सम्पति, तथा अन्य स्रोत तथा साधन सरहको सम्पूर्ण सन्रचना र व्यवस्था कायंक्रमहरू स्थानान्तरण गरिने/हुने स्थानमा गरिनु पर्ने हुँदा सोको लागि आवश्यक जमिन, मानवीय, भौतिक तथा आर्थिक स्रोत तथा साधनको व्यवस्था नेपाल सरकारले गर्नु पर्ने ।

च) त्यसै गरी सेच्छाले त्रि.वि.छाडि जाने शिक्षक कर्मचारीहरूको माथि उल्लेखित कुनैपनि दायित्व त्रि.वि.ले वहन गर्न नहुने ।

छ) त्रि.वि.ले आफुले दायित्व बेहोर्नु पर्ने गरी सामूहिक काजमा खटाउने जस्ता कार्य गर्न नहुने।

यदी समभदारी तथा सहमतिको बाटो नअपनाउने र आ-आफनै अडानमा कायम रहन खोजिएमा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन; मध्य-पश्चिमाञ्चल विश्वविद्यालय ऐन तथा सुदुर-पश्चिमाञ्चल विश्वविद्यालय ऐनमा उल्लेखित कुन दफाले र कसरी त्रि.वि.लाई आफ्ना सञ्चालित कार्यक्रमहरू स्थगन, स्थानान्तरण, रूपान्तरण वा आमुल परिवर्तन गर्नै पर्दछ भनरे बाध्य बनाउन सो को आधारमा कानूनी उपचार खोज्नु उपयुक्त हुनेछ । त्रि.वि. कानूनी समाधान मान्न बाध्य हुनै पर्ने हुन्छ । त्रि.वि.ले आफ्नो ऐन अनुसार आफ्नो कायक्रम कसरी सञ्चालन तथ व्यवस्था गर्ने हो त्यो त्रि.वि. बाहेक अन्य कुनै पनि विश्वविद्यालयको चासोको बिषय बन्नु हुँदैन । अत: त्रि.वि.ले आफ्ना कार्यक्रम अन्य विश्वविद्यालयलाई हस्तान्तरण वा अन्य विश्वविद्यालय अन्तर्गत सञ्चालन गर्ने कुरा कुनै किसिमले पनि तर्क संगत देखिँदैन ।

थप अर्को कुरा उक्त नयाँ विश्वविद्यालयका ऐनहरूमा "*क्याम्पसहरूलाई संयुक्त रूपमा समावेस गरी*" भन्ने वाक्यांसलाई विधिवत नअर्थ्याउनाको कारण त्रि.वि. तथा सुदुर पश्चिमाञ्चल/ मध्य पश्चिमाञ्चल/कृषि तथा बन विश्वविद्यालय बीच केही वर्ष यता उत्पन्न भएका समस्याहरूले निकास पाउन सकेको छैन । फलस्वरूप ती स्थानहरूमा कार्यक्रमहरू सञ्चालन गर्न बाधा परिरहेको छ ।

"*क्याम्पसहरूलाई संयुक्त रूपमा समावेस गरी*" भन्ने वाक्यांसलाई "*तोकिएको क्याम्पसबाट त्रि.वि.तत्काल हट्नु पर्छ*" भन्ने अर्थ लगाइयो । फलस्वरूप त्रि.वि.द्वारा ती क्याम्पसहरूमा सञ्चालित कार्यक्रमहरूको भविष्य, कार्यरत शिक्षक कर्मचारीहरूको स्थिति तथा भविष्य के हुने भन्ने बारे जताततै अन्यौल तथा चिन्ता बढ्न थाल्यो । उक्त स्थितिको गहिराई तथा गम्भिरतालाई ध्यानमा राखेर त्रि. वि.ले एक बिस्तृत अध्ययन गराइएको थियो । उक्त अध्ययनको प्रतिवेदन गत वर्ष नै त्रि.वि. सभामा प्रस्तुत गरिएको थियो ।

तसर्थ त्रि.वि.ले आफ्नो प्राज्ञिक कार्यक्रम, शिक्षक-कर्मचारीको हकहीत तथा मर्यादामा आँच आउने गरी कुनै प्रकारको समभदारी, सम्झौता वा आत्म समर्पन गर्ने सकिने सम्भावना नै नरहेन हुनाले यात महेन्द्र (हालको नेपाल) संस्कृत विश्व विद्यालय स्थापना हुँदा त्रि.वि.बाट जसरी अलगिएको थियो त्यस्तो खालको एउटा मोडेल अनुसरण गर्नु पर्ने हुन्छ नत्र भने कुनै पनि अविछन्न उतराधिकारवाला संस्थाको स्वायतता तथा संविधान प्रदत्त व्यक्ति सरह आफ्नो सम्पति राख्ने, किनबेच गर्ने अधिकारको आधारमा आपसी समभदारी तथा सम्झौता गरेर जाने अधिकारलाई सम्मान गर्दै अगाडि बढ्नु पर्ने हुन्छ ।

<u>प्रेषकहरू</u>

प्रा.डा.राम मान श्रेष्ठ
त्रि.वि. सभासद

प्रा.योगेन्द्रनारायण बडबडिया,
केन्द्रीय सभापति त्रि.वि. प्राध्यापक संघ तथा त्रि.वि. सभासद

श्री कुबेर के.सी.
केन्द्रीय अध्यक्ष, त्रि.वि. कर्मचारी संघ तथा त्रि.वि सभासद

३१ असार, २०७०